स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसीको करियरकै सर्वाधिक बिजनेस गर्न सफल नेपाली फिल्म 'जेरी अन टप' भारतभर प्रदर्शन हुने भएको छ। नेपाली समुदाय तथा नेपाली भाषी दर्शकलाई लक्षित गर्दै फिल्म फेब्रुअरी २७ (शुक्रबार)देखि भारतका विभिन्न सहरहरूमा प्रदर्शन हुन लागेको हो। कोलकातासहित नेपाली भाषी दर्शकको उल्लेख्य बसोबास रहेका अन्य विभिन्न ठाउँमा वक्सअफिस रिलिज हुन लागेको हो।

**आजको विचार...**



सभ्य...
*(दुई पेजमा)*

प्राडा. शान्तिकृष्ण अधिकारी



बलिउडकी भर्सटाइल अभिनेत्री आलिया भ  यतिबेला आफ्ना फरक-फरक प्रोजेक्टका कारण चर्चामा छिन्। 'अल्फा' जस्तो एक्सन फिल्म र 'लभ एण्ड वार' जस्तो पिरियड ड्रामापछि अब उनी सम्बन्धमा आधारित एउटा सामाजिक ड्रामा फिल्म 'हाउसवाइफ' मा देखिने भएकी छन्। यो फिल्मलाई 'दृश्यम २' का निर्देशक अभिषेक पाठकले निर्माण गर्दैछन्। भेराइटी इन्डियाको रिपोर्ट अनुसार, आलियाले यस फिल्ममा शीर्ष भूमिका निभाउनेछिन्।

❒ वर्ष ३१ ❒ अंक २१९ ❒ २०८२ फागुन २४ गते आइतबार 8 March 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### वर्षा र बाढीबाट ८ जनाको मृत्यु

(रासस/एपी)

**नैरोबी,** फागुन २३ / केन्याको राजधानी नैरोबीमा रातभर परेको भारी वर्षापछि आएको बाढीले व्यापक अव्यवस्था सिर्जना गरेको छ । सडकहरू डुबानमा परेपछि धेरै सवारी साधन फसेका छन्, उडानहरू अवरुद्ध भएका छन् र उद्धारका लागि सेना परिचालन गरिएको छ । यस घटनामा कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । नैरोबीका प्रहरी प्रमुख जर्ज सेडाका अनुसार खोज तथा उद्धार कार्य जारी रहेकाले मृतकको संख्या अझ बढ्न सक्ने आशंका गरिएको छ । उनका अनुसार छ जनाको बाढीमा डुबेर मृत्यु भएको हो भने अन्य दुई जनाको करेन्ट लागेर ज्यान गएको हो । भारी वर्षाका कारण सडकहरूमा पानी भरिएपछि ठूलो संख्यामा सवारी साधन क्षतिग्रस्त भएका छन् । प्रहरी प्रमुख सेडाले १०० भन्दा बढी सवारी साधन क्षतिग्रस्त भएको र केही सडक किनार तथा पार्किङ क्षेत्रमा पल्टिएको जानकारी दिए । यसैबीच केन्या एयरवेजले नैरोबीमा उडान सञ्चालन प्रभावित भएको जनाएको छ । कम्पनीका अनुसार केही उडानहरू तटीय सहर मोम्बासातर्फ मोडिएको छ र विमानस्थलको सञ्चालन घण्टौंसम्म प्रभावित रहने सम्भावना रहेको छ । आपतकालीन सेवाहरूलाई सहयोग गर्न सेना पनि परिचालन गरिएको छ ।

# गुल्मीमा रास्वपाको 'क्लिनस्विप'

## पूर्वमन्त्रीहरु पराजित

हाम्रा संवाददाता

**गुल्मी,** फागुन २३ /गुल्मीमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले क्लिनस्विप गरेको छ । दुई वटा निर्वाचन क्षेत्र रहेको गुल्मीमा प्रतिनिधिसभाका दुवै सिटमा रास्वपाका उम्मेदवारहरू विजयी भएका हुन् ।

यहाँको क्षेत्र नम्बर १ मा रास्वपाका उम्मेदवार सागर ढकाल विजयी भएका छन् । ढकालले २९ हजार ६ सय ४२ मत प्राप्त गर्दै विजय हासिल गरेका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका उम्मेदवार प्रदीपकुमार ज्ञवालीले १५ हजार १ सय ८१ प्राप्त गरेको जिल्ला निर्वाचन अधिकारी ऋषिराम घिमिरेले जानकारी दिए । ढकालले १४ हजार ४ सय ६१ मतान्तरसहित आफ्नो जीत निकालेका हुन् । त्यसैगरी नेपाली कांग्रेसका उम्मेदवार डाक्टर चन्द्रकान्त भण्डारीले १३ हजार ५ सय ५ मत प्राप्त गरेका छन् भने नेपाली कम्युनिस्ट पार्टीका सुदर्शन बरालले ३ हजार १ सय ६७ मत प्राप्त गरेका छन् । यस क्षेत्रमा सम्पन्न २०७४ सालमा एमालेका प्रदीपकुमार ज्ञवाली





र २०७९ मा नेपाली कांग्रेसका चन्द्रकान्त भण्डारी निर्वाचित भएका थिए । ज्ञवाली पटक पटक मन्त्री समेत भइसकेका छन् । यहाँ हालसम्म सम्पन्न भएका प्राय: निर्वाचनमा ज्ञवाली र भण्डारीको आलोपालो जस्तै थियो । प्रतिनिधि सभा सदस्यमा निर्वाचित ढकाल गत निर्वाचनमा डडेल्धुरामा कांग्रेसका तत्कालीन सभापति शेरबहादुर देउवासित स्वतन्त्र उम्मेदवार बनेर चर्चा कमाएका थिए ।

यस्तै क्षेत्र नम्बर २ मा रास्वपाकै उम्मेदवार गोविन्द पन्थी विजयी भएका छन् । उनले नेकपा (एमाले)का उम्मेदवार गोकर्ण बिष्टलाई ५ सय ६१ मतान्तरले पराजित गरेका हुन् । निर्वाचन अधिकृत हरिहर पौडेलका अनुसार पन्थीले १६ हजार ९ सय ६७ र बिष्टले १६ हजार ४ सय ६ मत प्राप्त गरेका छन् । त्यस्तै कांग्रेसका उम्मेदवार भुवनप्रसाद श्रेष्ठले १४ हजार ४ सय ३४ मत ल्याउँदा नेकपाका श्रीराम महतले ३ हजार ८१ मत पाए । प्रतिनिधि सभा सदस्यमा निर्वाचित पन्थी भने नयाँ अनुहार हुन् । नेपाल प्रहरीका अवकाश प्राप्त डीएसपी उनी अधिवक्ता समेत हुन् । गोकर्ण २०५६ देखि यसै क्षेत्रबाट उठ्दै आएका थिए । उनी ०६४ को संविधानसभाबाहेक सबै चुनावमा जित्दै आए । *(... बाँकी अन्तिम पेजमा)*

## पाठेघरको मुखको क्यान्सरका लक्षण

-अनियमित वा महिनावारी रोकिएपछि पनि रक्तस्राव हुनु।

-योनिबाट बढी मात्रामा सेतो पानी बग्नु ।

-शारीरिक सम्बन्धको समयमा दुखाई हुनु।

-शारीरिक सम्बन्धपछि रगत बग्नु ।

-तल्लो पेट, ढाड वा कम्मर दुख्नु ।

-पिसाब गर्दा दुख्नु वा रगत देखिनु ।

-शरीर कमजोर हुनु ।

यस्ता लक्षण देखिएमा स्वास्थ्य संस्थामा परीक्षण गराऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# पाल्पा-१ मा ३१ वर्षे एमाले विरासत गुम्यो, काँग्रेसका राना विजयी

**पाल्पा, फागुन २३** /नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले ३१ वर्षदेखि पाल्पा क्षेत्र नं. १ मा निर्वाचनमा राख्दै आएको वर्चश्व यस पटक गुमाएको छ । एमालेले २०५१ सालको निर्वाचनदेखि नै आफ्नो वर्चश्व राख्दै आएको थियो । २०५१ मा दलबहादुर रानाले विजयी भएपछि पूर्वी पाल्पालाई नेकपा (एमाले)को गढका रूपमा चिनिँदै आएको थियो ।

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनको शनिबार सार्वजनिक अन्तिम मतपरिणाम अनुसार काँग्रेसका युवा तथा प्रभावशाली नेता सन्दीप रानाले विजयप्राप्त गरेसँगै नेकपा (एमाले)को गढ भत्किएको छ । काँग्रेस नेता रानाले नेकपा एमालेका उम्मेदवार नारायण प्रसाद आचार्यलाई पराजित गर्दै जित हात पारेका हुन् । उनले १८ हजार ३ सय ३६ मतसहित विजयीको झण्डा पूर्वी पाल्पामा फहराएका छन् । एमालेका आचार्यले १६ हजार ८ सय १९ मत प्राप्त गरि पराजित भए । यस्तै रास्वपाका विमल पन्तले भने १४ हजार ३ सय ३३ मत लिएर तेस्रो स्थानमा रहे । यस क्षेत्रमा २०५१ सालदेखि नेकपा एमालेका उम्मेदवार विजयी हुँदै आएका थिए । २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा एमालेका



उम्मेदवार नारायणप्रसाद आचार्यले ३१ हजार १ सय ३ मत प्राप्त गर्दै फराकिलो मतान्तरसहित विजयी भएका थिए । उनका निकटतम प्रतिस्प्रर्धी कांग्रेसका ज्ञानबहादुर गाहाले २० हजार २ सय ५६ मत प्राप्त गरेका थिए । यस पटकको निर्वाचनमा एमालेले आचार्यलाई नै दोहोऱ्याएको थियो । यस क्षेत्रमा २०५१ मा एमालेलेका दलबहादुर राना , २०५६ मा भद्रबहादुर थापा, २०६४ सालको संविधानसभा निर्वाचनमा दलबहादुर राना पुन: विजयी भएका थिए । २०४८ सालमा कांग्रेसबाट कालुराम रानामगर निर्वाचित भएका थिए । त्यसबेला रानासँगै दलबहादुर प्रतिस्पर्धी थिए । त्यसपछिको २०७० सालको संविधानसभा निर्वाचनमा एमालेकै राधाकृष्ण कँडेल यस क्षेत्रबाट चुनिए । २०७४ सालको निर्वाचनमा एमालेबाटै पुन: राना विजयी भएको क्षेत्र हो । पाँचौं पटकको उम्मेदवारीमा तीनपटक निर्वाचित भएर दलबहादुर यसपटक सक्रिय राजनीतिबाट बाहिरिएका छन् । प्रतिनिधि सभा सदस्यमा विजयी भएसँगै काँग्रेस नेता रानाले अहिलेको पुस्ताले उठान गरेका शासन प्रणाली, पारदर्शिता र उत्तरदायित्व, रोजगारी र विकासमुखी शासन स्थापना गर्नु आफ्नो पहिलो kfylcstf xgafP. *(... बाँकी अन्तिम पेजमा*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय नारी दिवसको औचित्य

अन्तर्राष्ट्रिय नारी दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नारी मुक्तिको सवाललाई लिएर नेपालसहित विश्वभर प्रत्येक वर्ष मार्च ८ मा विविध कार्यक्रमका साथ यो दिवस मनाइँदै आइएको छ । यो दिवस कुनै उत्सव नभई उत्पीडित महिलाको लैंगिक हिंसा विरुद्धको आवाज हो । महिला हिंसा अन्त्य गरी भय रहित वातावरणमा महिलाले जीवन जिउन सक्ने अवस्थाको सिर्जना गर्नु यस दिवसको परिलक्ष्य हो । राजनीतिक तवरबाट सुरु भएको भएता पनि हाल महिला अधिकार,महिला सशक्तिकरण र समानता आदि सवालहरू अन्तर्राष्टिूय महिला दिवसका विषयहरू हुने गरेका छन् ।

प्रत्येक वर्ष नेपालले पनि अन्तर्राष्ट्रिय नारी दिवस मनाउँदै आएको छ । तर बिडम्वना, नेपाली महिलाले आफ्नो लैङ्गिक अधिकारको समानताको अनुभूति पूर्ण रुपमा सुरक्षित गर्न पाएका छैनन् । जनसंख्याको हिसाबले आधा धर्ती ओगट्ने नेपाली महिलाको अवस्था नाजुक रहेको विभिन्न परिसूचक तथा तथ्याङ्कहरुले देखाउँछ । लैङ्गिक विभेदका आधारमा रहेका यस्ता किसिमका अनगिन्ती असमानता हटाउन समाजमा लैङ्गिक न्याय र समानता कायम गर्न नेपालले अनेकौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु जनाएको पनि छ । तर त्यो प्रतिवद्धता कार्यान्वन भने हुन सकिरहेको छैन । महिला अधिकार र समानताको नारा जतिसुकै घन्किए पनि छोरी र बुहारीलाई गर्ने व्यवहारमा परिवर्तन आउन सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । नेपालमा केही महिलाहरूले नेतृत्व नलिएका हैनन् । राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री सुसीला कार्की र सभामुखमा ओनसरी घर्ती जस्ता महिलाहरु सरकारको नेतृत्व तहमा पुगे, जुन सकारात्मक पाटो हो । तर, यतिमै मात्र चित्त बुझाएर बस्ने अवस्था भने यो होइन, कानुन प्रदत्त अधिकार कार्यान्वनमा अझै थुप्रै समस्या छन् । नयाँ संविधान र यसका प्रावधानलाई कार्यान्वयन गर्दै हरेक क्षेत्रमा सार्थक सहभागिता सुनिश्चित गर्न जरुरी छ । यसो गर्न सकियो भने मात्र हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय नारी दिवसले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

सित्तैमा कसैले केही गर्दैन,
तपाइलाई हेरेर मुस्कुराउनेले पनि तपाई बाट मुस्कान कै अपेक्षा गरेको हुन्छ ।
*(सुरक्षा के.सीको फेसबुक स्टाटसबाट www.facebook.com/Surechaya.Kc)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सभ्य समाजको अपेक्षा



प्राडा. शान्तिकृष्ण अधिकारी

*विद्यालयको प्रधानाध्यापक दश बजे नियमित विद्यालय पुगेमा त्यहाँका शिक्षकहरू स्वत: नियमित हुन बाध्य हुन्छन् । कार्यालय प्रमुख नै लापर्वाह भयो भने त्यहाँका अन्य कर्मचारी अनुशासित हुन्छन् भन्ने परिकल्पना गर्न सकिँदैन । हरेक मानिसको चाहना सभ्य समाजकै हुन्छ । आफ्नो देश सुशासनमा अग्रणी होस् भन्ने सबैलाई लागेकै हुन्छ । आफ्ना देशका नागरिक जहिल्यै भद्रताको कसीमा अब्बल देखियोस् भन्ने नठान्ने शायदै कमै हुन्छन् । आँफू बसेको समाज अरूका आँखामा सज्जनहरूको बस्ती होस् भन्ने जो कसैलाई लागिरहन्छ ।*

विश्व परिवेशमा जुन मुलुक सभ्य छ, उसैको प्रतिष्ठा बढी हुन्छ । एउटा देशभित्र जुन समाज सुसंस्कृत हुन्छ, त्यही समाजलाई सबैले सम्मान गर्दछन् । पारिवारिक रूपमा हेर्दा जुन परिवारका हरेक सदस्यले आफ्नो धर्म, संस्कार र संस्कृतिलाई धानेका हुन्छन्, त्यही परिवारको इज्जत समाजमा सबैभन्दा बढी हुने गर्दछ । जुन व्यक्तिका प्रत्येक व्यवहार असल हुन्छन्, उही नै समाजमा सम्माननीय, प्रतिष्ठित र अनुकरणीय हुन्छ । प्रत्येका मानिसको चाहना आफ्नो मुलुक, समाज र परिवार सभ्यताको कसीमा अब्बल देखियोस् भन्ने हुन्छ नै । समाज सभ्य हुन समाजका हरेक व्यक्ति सभ्य हुन जरुरी छ । चामलमा घुन मिसिए जस्तै कोहीकोही असभ्य देखिए पनि सबैको रोजाइ सभ्य समाजकै हुन्छ । जो व्यक्ति शिष्ट छ, उसलाई सभ्य भनिन्छ । सबैले विश्वास गर्न सकिने व्यक्तिलाई सभ्य व्यक्ति मानिन्छ । कुनै मानिस कुलीन र विश्वस्त छैन भने उसलाई सभ्य मानिँदैन । सभ्य मानिस सभाका लागि सुहाउँदो र भद्र हुन्छ । यस्तै सभ्य मानिसहरूले भरिएको समाज नै सभ्य समाज हो । हाकाहाकी र खुलेयामको त कुरा परै जाओस्, सभ्य मानिसले कसैले नदेखे पनि अभद्र कार्य गर्दैन र गर्ने कल्पना सम्म गर्दैन । जहिले पनि असल चिताउने र असल प्रवृत्ति भएकाहरूको समाजलाई नै सभ्य समाज भनिने गर्दछ । सभ्यताका परिभाषा र मानक आ-आफ्नै हुन सक्दछन् । अधिकांश कुराहरूमा विश्वभरकै मानक समान जस्तै रहेका छन् । मान्छेका व्यवहार, लवाइखुवाइ, बोलीचाली आदि कुराहरू समान प्रकृतिकै छन् । स्थानविशेषले गर्दा फरक पर्ने भएकाले धर्म, संस्कृति, परम्परा, रहनसहन आदिका बारेमा केही भिन्नता पनि छन् तर सभ्य समाज वा सभ्य व्यक्ति भनेर चित्रण गर्नुपर्दा उस्तैउस्तै नै हुन्छ । नजानेर वा नबुझेर कसैले कतिपय मर्यादाको पालन गर्न नसकेको अवस्था बेग्लै हो तर जानीजानी र बुझीबुझी पनि सभ्यताको मार्ग छाडेर असभ्यतालाई प्रोत्साहन गर्ने गरेको पनि देखिएकै छ । यद्यपि असभ्यहरू प्राय:को रोजाइमा भने पर्दैनन् । मानिसलाई सभ्य बनाउन उसले अनुसरण गर्ने धर्म, ऊ बस्दै आएको समाजले निर्धारण गरेका मान्यताहरू, परम्परा, समाजले परिपालना गरिआएका संस्कारहरू र रीतिरिवाजले निर्देशित गरिरहेका हुन्छन् ।

देशका नागरिकलाई सभ्य बनाउन देश सुहाउँदो शिक्षा पनि दिइरहिएको हुन्छ । त्यसका अलावा संविधान, ऐन, कानुन, नियम, विनियम आदिले मानिसलाई सभ्यताको परिधिभित्र बाँधिन लक्ष्मण रेखा कोरेका हुन्छन् । जसले यी कुराहरू विधिसम्मत रूपमा परिपालना गर्दछ, ऊ सभ्य कहलिन्छ भने यसबाट बाहिरिएकाहरूलाई असभ्य ठानिन्छ । नागरिकहरू असभ्य हुँदै गए भने मुलुक, समाज र हरेक व्यक्ति पश्चगमनको बाटो समाउन पुग्दछ । मानिसलाई सभ्यताको पाठ सिकाउन हरेक समाजका अगुवाले सभ्य आचरण गर्नुपर्दछ । सरकार सभ्य भएमा निजामती प्रशासन सभ्य हुन्छ । सत्ता सञ्चालकहरू भ्रष्टाचारमुक्त भएमा तिनका मातहतमा रहेकाहरूलाई भ्रष्टाचारको बाटो समात्न हम्मेहम्मे नै पर्दछ । प्रशासनको सचिव सुशासनको पक्षधर भएमा सहसचिव, उपसचिवलगायत अन्य कर्मचारीहरू भ्रष्ट हुन सहज हुँदैन । गाउँपालिकाको अध्यक्षले समाजका मर्यादा अक्षरश: पालना गरेमा त्यो गाउँ नै सभ्य हुन समय लाग्दैन । विद्यालयको प्रधानाध्यापक दश बजे नियमित विद्यालय पुगेमा त्यहाँका शिक्षकहरू स्वत: नियमित हुन बाध्य हुन्छन् । कार्यालय प्रमुख नै लापर्वाह भयो भने त्यहाँका अन्य कर्मचारी अनुशासित हुन्छन् भन्ने परिकल्पना गर्न सकिँदैन । हरेक मानिसको चाहना सभ्य समाजकै हुन्छ । आफ्नो देश सुशासनमा अग्रणी होस् भन्ने सबैलाई लागेकै हुन्छ । आफ्ना देशका नागरिक जहिल्यै भद्रताको कसीमा अब्बल देखियोस् भन्ने नठान्ने शायदै कमै हुन्छन् । आँफू बसेको समाज अरूका आँखामा सज्जनहरूको बस्ती होस् भन्ने जो कसैलाई लागिरहन्छ । आफ्ना छरछिमेकी र इष्टमित्रको बोलीचाली, आचरण र व्यवहार असल होस् भन्ने चाहना सबैलाई हुन्छ । अभद्रहरूको संगत अल्लारे जीवनमा बाहेक अरूबेला कसैको पनि चाहनामा पर्छ जस्तो लाग्दैन । त्यसैले हरेकको इच्छा सभ्य समाज निर्माणकै हुन्छ तर पछिल्ला परिदृश्यहरू देखिँदै जाँदा कतै नेपाल उल्टो बाटोमा हिँड्दै त छैन भन्ने अनुभव हुन थालेको छ । कानुनले एउटा कुरा भन्छ तर नेपाली समाज अर्कै कुरालाई प्रोत्साहन गर्न अग्रसर छ । धर्म, संस्कार, संस्कृतिले निर्देश गरेको बाटो छोड्नमा नै पुरुषार्थ देख्ने मानिसहरूको भिड देखिँदैछ । अशिक्षाको तुवाँलोमा जकडिएका समयमा भए गरेका काम र त्यतिबेलाका उखानहरूलाई चरितार्थ बनाउन मान्छेहरू कस्सिएको भेटिन्छ । कति गरेर बहुविवाहको विपक्षमा नेपालमा कानुन निर्माण भयो तर मर्दकी दशवटी हुन्छन् भनेर महिलाहरू नै उद्घोष गर्न थालेका छन् । चारवटी विवाह गरेको चर्चित पुरुषले लगेमा आफू पाँचौमा पर्न तयार रहेको बताउनेहरू पनि छताछुल्ल छन् । यसमा न कुनै महिला सञ्जाल वा न कुनै महिला अधिकारका लागि लड्न निर्माण गरिएका संस्थाहरूले नै विरोध गरेको सुनिन्छ । मुलुकलाई आदर्शमय बनाउन देशको राष्ट्रपति, प्रधानमन्त्री जस्ता पदमा आसीन व्यक्तिहरूको जीवन आदर्श प्रेरित हुन जरुरी हुन्छ । बाह्य मुलुकले सबैभन्दा पहिला देख्ने भनेकै यिनै व्यक्तिहरू हुन् र यिनीहरूका बारेमा विश्वले नै हेरिरहेको हुन्छ । खराब मान्छे त्यस्ता पदहरूमा पुगे भने विश्व परिवेशमा न तिनीहरूको इज्जत हुन्छ न मुलुकका आमनागरिकले नै सम्मान पाउन सक्दछन् । नेपालमा भ्रष्टाचार नियन्त्रण हुन नसक्दा नै हाम्रो पासपोर्टले सहजै अमेरिकी र युरोपियन मुलुकहरूमा प्रवेश पाउन नसकेका कुराहरूमा त भुक्तभोगी छँदैछौं । यसैले नेपाली जनता सम्वेदनशील भएर सभ्य मुलुक निर्माणमा अग्रसर हुन अपरिहार्य भएको छ । राष्ट्रका मन्त्रीहरू, सांसद्हरू, प्रशासनका सचिवहरूले सभ्य आचरण गरेमा नै मुलुकवासीहरूले त्यसलाई अनुसरण गर्ने हुन् । ठूला पदमा पुगेकाहरूलाई समाजले मानक ठानेको हुन्छ । बालबच्चालाई भोलि कस्तो मान्छे बन्ने भनेर सोध्ने हो भने उनीहरूले टेलीभिजन तथा सिनेमाका पर्दाहरूमा देखेका मान्छेहरूको उदाहरण दिन्छन् । दुई दशकअगाडितिर हिन्दी सिनेमाका हिरो रजनीकान्तले चुरोट तानेको स्टाइलमा चुरोट तान्न प्रयास गर्ने युवाहरू प्रशस्तै भेटिन्थे । त्यसैले रियलमा होस् वा रिलमा नायकको भूमिकामा रहने व्यक्तिले सधैं अनुशासित र अनुकरणीय चरित्र प्रदर्शन गर्न सक्नैपर्दछ । त्यसको उल्टो प्रवृत्ति हावी हुनपुगेमा मुलुक ध्वस्त हुन कत्ति बेर लाग्दैन । राष्ट्रपति, प्रधानमन्त्री पछि विदेशीले हेर्ने भनेको त्यो देशको संसद् हो ।

संसद्मा कस्ता व्यक्तिहरू पुगेका छन् ? सांसद्हरूको ध्यान कस्ता एजेण्डाहरूमा केन्द्रित हुन्छ ? सांसद्हरू कत्तिका जिम्मेवार र उत्तरदायी छन् ? सांसद्हरूको बालीचाली, रहनसहन र सभ्यता कस्तो छ ? कस्ता आचरण अँगालेकाहरू सांसद् छन् ? जस्ता कुराहरूले त्यो देशको संसद्को हैसियत त प्रदर्शन गर्दछ नै त्यस देशका मतदाताहरूको शिक्षा, प्रवृत्ति र सचेतनालाई पनि उजागर गर्दछ । कस्ता व्यक्तिलाई नेता मानेर हिँड्ने र कस्ताका पछि लाग्दा आफ्नो इज्जत बढ्छ भनेर सोच्ने कर्तव्य त्यसैले जनताकै हुन्छ । भ्रष्टाचारी नै भ्रष्टाचारीहरूले भरिएको संसद्, ठगैठगको उपाधि पाएकाहरूको संसद्, अनैतिकै अनैतिकहरूको संसद्, दुर्व्यसनीहरूको संसद्, कानुन तोड्नेहरूको संसद्, मुद्दै मुद्दा बोकेकाहरूको संसद् जस्ता उपाधि देशको संसद्ले पायो भने त्यो देशलाई सभ्य मुलुकको कोटिमा कसैले राख्दैन । नेपाललाई विश्वका माझमा अग्रणी सभ्य मुलुक बनाउने चाहना छ भने पहिलो प्रयास असल मानिसहरूको संसद् बनाउन जरुरी छ । त्यसपछि संसद्भित्रका जो कोही प्रधानमन्त्री भए पनि मुलुकलाई कुनै नकारात्मक असर पर्दैन । जसरी मुलुकको प्रतिष्ठाका लागि सत्ताधारीहरूमा सभ्य संस्कारको अपेक्षा गरिएको हुन्छ, त्यसैगरी समाजको इज्जतका लागि पनि समाजका मुखियामा त्यस्तै आचरणको अपेक्षा हुन्छ । समाजमा प्रतिष्ठित भनिएकाबाटै अन्य सदस्यहरूले सिक्ने मौका पाउँछन् तर पछिल्ला परिदृश्यहरूले भाँडभैलो सिर्जना गरिरहेको देखिन्छ । अगुवामा सबैभन्दा रुचाइएका भनिएकैले सभ्य मानिस एक्लै बसेर पनि पढ्न नमिल्ने अपशब्दहरू सार्वजनिक रूपमै प्रयोग गर्ने गरेको पाइन्छ र ऊ नै समाज हाँक्नका लागि योग्य भन्ने मानक निर्धारण गर्ने प्रयास हुनेगरेको छ । ठीक यही प्रकारले परिवारको मूली पनि सभ्यताको नमुना बन्न सक्नुपर्दछ । अगुवाका पछिपछि लागेर उसले प्रयोग गरेका असभ्य शब्दहरूभन्दा पनि उत्तेजक शब्दवाणहरू प्रयोग गर्नेहरू पर्याप्त देखिन थालेका छन् । त्यस्ता संस्कृतिमा रमाइरहेका आफ्ना सन्ततिलाई सच्चिनका लागि बाबुआमाले पनि भन्न छाडेका हुन् कि नसकेका हुन् पत्तो पाउन सकिएको छैन । मातापिताले नै यस्तो प्रवृत्तिलाई स्वीकार गर्दै गएका हुन् भने यो नेपाली समाजका लागि अत्यन्त खतरनाक हो र केही समयपछि नै सभ्य मानिसहरूका अगाडि नेपालीले मुहार देखाउन नहुने अवस्था आउनेछ । सम्झाउन नसकेका हुन् भने चाहिँ केही समयपछि सच्चिने अवस्था पनि आउन सक्दछ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसरहरू मिल्नेछन्। कार्यक्षेत्रमा शत्रुहरू सक्रिय रहनेछन्। | **तुला** : व्यवसायमा समस्या पर्न सक्छ। अवसरवादीहरूबाट सावधान रहनुहोला। |
| **वृष** : कार्यक्षेत्रमा सोचे अनुरूप सफलता मिल्नेछ। नयाँ अवसरहरू फेला पर्नेछन्। | **वृश्चिक** : शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ। |
| **मिथुन** : पिताको साथ र सहयोग मिल्नेछ। प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। | **धनु** : इष्टमित्रहरूको सहयोग मिल्नेछ। पारिवारिक सद्भावमा कमी आउनेछ। |
| **कर्कट** : कार्यहरू सजिलै सम्पादन हुनेछन्। नेतृत्व क्षमता प्रकाशमान हुनेछ। | **मकर** : नयाँ अवसर खोज्ने समय रहेको छ। असम्भव कार्यलाई पनि सम्भव पार्न सकिनेछ। |
| **सिंह** : राजनीतिक क्षेत्रमा सक्रियता बढ्नेछ। आध्यात्मिक क्षेत्रमा मन रमाउनेछ। | **कुम्भ** : सञ्चित धनमा वृद्धि हुनेछ। सहयोगी र शुभचिन्तकहरूले साथ दिनेछन्। |
| **कन्या** : जीवनशैलीमा परिवर्तन ल्याउन सक्नुहुनेछ । कार्य गर्ने समय रहेको छ। | **मीन** : समाजमा मान प्रतिष्ठा बढ्नेछ। कानुनी मामलाहरूमा पक्ष मजबुत रहनेछ। |

# आज अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदै




**पाल्पा,** फागुन २३/ आज अन्तर्राष्ट्रिय नारी दिवस विविध कार्यक्रम आयोजना गरेर मनाइँदै छ । विश्व महिला आन्दोलनको आधुनिक अभियान सन् १९११ मार्च ८ तारिखबाट सुरु भएसँगै हरेक वर्ष श्रमिक महिलाका अधिकार स्थापित गर्ने उद्देश्यसहित अन्तर्राष्ट्रिय नारी दिवस मनाइँदै आइएको हो ।

महिला हक, अधिकार, सशक्तीकरण एवं लैङ्गिक समानताका लागि आवाज उठाउँदै विश्वभरि एक शताब्दीभन्दा बढी समयदेखि आजकै दिनलाई नारीका लागि विशेष दिनका रूपमा मनाइँदै आइएको छ । नारी आन्दोलनकी अभियान्ता क्लारा जेटकिनले सन् १९११ मार्च ८ का दिन महिला कामदार माथिको श्रम शोषण विरुद्धको आवाज उठाएको दिनको सम्झनामा यो दिनलाई अन्तर्राष्ट्रिय महिला दिवसका रुपमा मनाउन थालिएको हो ।

महिला अधिकारको मुद्दा उठ्न थालेको समय भइसक्दा समेत अझै पनि महिला र पुरुषबीचको खाडल ठूलो छ । महिलाका हक अधिकार कानुनी रूपमा स्थापित गरिए पनि कार्यान्वयनमा चुनौती देखिएको छ । नेपालको संविधानले नै व्यवस्था गरेका महिलाका हक अधिकार कार्यान्वयनमा आउन सकेका छैनन् । कानुन पर्याप्त भए पनि कार्यान्वयन गर्ने निकाय महिलाप्रति सकारात्मक नहुँदा समस्या भएको कानुनविदहरु बताउँछन् । नेपालको संविधानमा महिलाको मौलिक हकको व्यवस्था गरेको छ । राज्यका हरेक निकायमा महिलालाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा सहभागी हुन पाउने अधिकार सुनिश्चित गर्नुका साथै सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हकको व्यवस्था गरिएको छ । संघ, प्रदेश र पालिकामा प्रतिनिधित्व सहित राज्यका हरेक निकायमा महिलाको सहभागिता बढ्दै गएको छ । महिला हिंसा तथा उत्पीडन अन्त्यका लागि विभिन्न कानुन बनेका छन् । तर महिला हिंसाका घटनामा कमी आउन सकेको छैन ।

शारीरिक, मानसिक, आर्थिक, राजनीतिकलगायत अन्य महिला हिंसाका अनेकन रूप छन् । प्रत्येक वर्ष महिला हिंसाविरुद्धको दिवसलाई महिला अधिकारकर्मीले भव्यरूपमा मनाए पनि र सरकारले विभिन्न प्रतिबद्धता जाहेर गरे पनि महिला हिंसाको अवस्था भने ज्यूँका त्यूँ छन् । अझै पनि महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक तथा राजनीतिक रूपले विभेदीकरणमा परेका छन् भने शारीरिक र यौनिक हिंसाका शिकार भैरहेका छन् । मानव सभ्यातालाई ढुङ्गा युगदेखि आजको २१ औँ शताब्दीको आधुनिक युगसम्म आइपुग्दा पनि जसरी समाज विकासक्रम अगाडि बढेको छ त्यही क्रममा आधाभन्दा बढी जनसंख्याको प्रतिनिधित्व गर्ने महिला माथि लैङ्गिक विभेद एवं हिंसाको घटनामा न्यूनीकरण आउन सकेको छैन । पितृसत्तात्मक संरचनामा जकडिएको नेपाली समाजमा महिला र पुरुष एउटै रथमा दुई पाङ्ग्रे एवं समानताको कुरा जतिसुकै गरिए पनि व्यवहारमा हिंसाको दुष्चक्रमा महिलाहरु भासिँदै जाने असहज परिस्थिति बन्दै गएको छ । महिलाहरु शारीरिक, मानसिक तथा मनोवैज्ञानिक रूपमा कमजोर हुन्छन् भन्ने सोचबाट विकसित समाज अझै आफैँमा भेदभावयुक्त छ ।

## खेलकुद समाचार

### टी २० विश्वकपमा शतकको कीर्तिमान



**काठमाडौं,** फागुन २३/ आईसीसी टी-२० विश्वकप २०२६ मा शतकको वर्षा भइरहँदा शतकको विभिन्न खालको कीर्तिमान बनेको छ । टी२० विश्वकपमा यसअघि ९ संस्करण सम्पन्न हुँदा जम्मा ११ शतक बनेका थिए । एकै संस्करणमा बढीमा २ शतक मात्र बनेको थियो भने कुनै संस्करणमा शतक नै बनेन । ९ मध्ये ७ संस्करणमा शतक प्रहार हुँदा दुई संस्करण शतकविहिन बनेको थियो । तर भारत र श्रीलंकाले संयुक्त रुपमा आयोजना गरेको १०औं संस्करणको टी२० विश्वकपमा कीर्तिमानी शतक बनेको छ । १०औं संस्करणमा शतकको वर्षा नै भयो । फाइनलअघि सम्म यस संस्करणमा ७ शतक प्रहार भइसकेको छ । जुनै आफैँमा कीर्तिमान हो । यस्तै यसअघि एकै एक खेलाडीले क्रिस गेलले मात्र फरक संस्करणमा गरेर दुई शतक प्रहार गरेका थिए । तर यस पटक एकै संस्करणमा पाकिस्तानका बाहिबजादा फरानले दुई शतक प्रहार गर्दै कीर्तिमान बनाए । यसअघि अहिलेसम्म कुनै पनि खेलाडीले एकै संस्करणमा दुई शतक बनाउन सकेको थिएन ।

## अर्थ/कर्पोरेट समाचार

### एनआईएमबी ४१औं वर्षमा

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**काठमाडौं,** फागुन २३/नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड ( एनआईएमबी) ४१ औं वर्षमा प्रवेश गरेको छ । वित्तिय क्षेत्रमा अग्रणी भूमिका खेल्दै आएको बैंकले ४१ औं वर्ष प्रवेश गरेको हो ।

चार दशक लामो यात्रामा बैंकले ग्राहकवर्ग, सेयरधनी, नियामक निकाय, साझेदार संस्था तथा सम्पूर्ण कर्मचारीवर्गहरुको निरन्तर विश्वास र सहयोगका आधारमा वित्तीय क्षेत्रमा सशक्त उपस्थिति कायम गर्दै आएको छ । यस ऐतिहासिक अवसरमा बैंक परिवारले सम्पूर्ण हितकारीप्रति हार्दिक आभार व्यक्त गरेको छ । यस ४०औँ वार्षिकोत्सव अवसरमा, बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेले बैंकको सफल यात्रामा साथ दिने सबैप्रति कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझ पारदर्शी, जिम्मेवार र नवप्रवर्तनमुखी बैंकिङ सेवा प्रदान गर्ने प्रतिवद्धता जनाए । यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्योति प्रकाश पाण्डेले डिजिटल रुपान्तरणलाई तीव्रता दिँदै ग्राहक अनुभवहरुलाई अझ सरल, सुरक्षित र प्रभावकारी बनाउने दिशामा बैंक अग्रसर रहने बताए । 'समृद्धिको पथमा सँगै अघि बढ्दै' भन्ने नारा लिएको यस बैंकले ग्राहकवर्गहरूको सुविधालाई प्राथमिकता दिँदै नवीनतम बैंकिङ सेवाहरु प्रस्तुत गरिरहने पनि जानकारी दिए । बैंकले आनो वार्षिकोत्सवको अवसर पारी विगत ८ वर्षदेखि वित्तीय साक्षारतामा आधारित चित्र पुस्तकहरु प्रकाशन गर्दै आएको छ ।

बैंकले हाल २६९ शाखा, २५७ एटीएम, ६५ एक्सटेन्सन काउन्टर, ६० शाखारहित बैंकिङ काउन्टरबाट सेवा प्रदान गरिरहेको छ ।

## गुल्मीमा रास्वपाको...

...२०६४ मा विष्ट नेकपा माओवादी केन्द्रका उम्मेदवार चन्द्रबहादुर थापासँग २ हजार मतान्तरले पराजित भए । त्यसबेला नेपाली कांग्रेसबाट सुरेशचन्द्र भुसाल उम्मेदवार थिए । त्यसअघि २०५६ मा भएको निर्वाचनमा विष्टसँग कांग्रेसका त्रैलोक्यप्रताप सेन प्रतिस्पर्धी थिए । त्यसबेला विष्टले २ हजार २ सय मतान्तरले निर्वाचन जितेका थिए । २०७४ को निर्वाचनमा गोकर्णसँग कांग्रेसका चन्द्र केसी प्रतिस्पर्धी थिए । त्यसबेला गोकर्णले १४ हजार बढी मतान्तरले निर्वाचन जिते । त्यसअघि २०७० मा भएको निर्वाचनमा कांग्रेसका त्रैलोक्यप्रताप सेन मुख्य प्रतिस्पर्धी थिए । त्यसबेला गोकर्णले ६ हजारभन्दा बढी मतान्तरले निर्वाचन जिते । यसअघि ०७९ को चुनावमा गोकर्णले नेकपा एसकी रामकुमारी झाँक्रीलाई हराएका थिए । पन्थीसँग पराजित विष्ट पनि पटक पटक मन्त्री भइसकेका व्यक्ति हुन् ।

## पाल्पा–१ मा ३१ वर्षे एमाले ...

...उनले समावेशी लोकतन्त्रलाई थप बलियो बनाउँदै अनुभव र उर्जाको समन्वयमार्फत् जनआजावलाई शिरोधार्य गर्ने समेत उल्लेख गरे । नेता रानाले उज्यालो पाल्पा अभियानलाई प्राथमिकतामा राख्ने र निर्वाचन क्षेत्र नं. १ का विद्युतीकरण हुन बाँकी सम्पूर्ण टोल र बस्तीहरूमा आगामी ५ वर्षभित्र अनिवार्य रूपमा केन्द्रीय प्रसारण लाइनमार्फत विद्युतीकरण सम्पन्न गर्ने प्रतिज्ञा समेत गरेका छन् । अन्तर्राष्ट्रिय छवि बनाएका उनी हाल लुम्बिनी प्रदेशसभा सदस्य, महासमिति सदस्य तथा अन्तर्राष्ट्रिय बीपी चिन्तन प्रतिष्ठानका अध्यक्षसमेत हुन् । ग्रामीण क्षेत्रका युवासँग नजिक रहेर सक्रिय राजनीति गर्दै आएका रानालाई पाल्पा-१ मा एमालेको बलियो पकडलाई चुनौती दिन सक्ने उम्मेदवारका रुपमा कांग्रेसले अगाडि सारेको थियो ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई